**आठराई गाउँपालिका**

# आठराई राजपत्र

आठराई गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९) संक्रान्तिबजार, तेह्रथुम भाद्र महिना २५ गते, २०८३ साल (संख्याः ३)

भाग-२

आठराई गाउँपालिका

# फुसको छाना हटाई जस्तापाता वितरण सम्बन्धी कार्यविधि, २०८३

सभाबाट पारित मिति २०८३/३/२५

**प्रस्तावनाः** आठराई गाउँपालिकालाई फुसको छाना मुक्त गाउँपालिका बनाई गाउँबासीलाई सुरक्षित आवासको व्यवस्था साथै गाउँपालिकालाई समृद्ध र सम्मुनत बनाउन संविधान प्रदत्त आवासको हकको प्रत्याभूति गराउन वाञ्छनीय भएकाले, आठराई गाउँपलिकाको प्रशासकिय कार्यविधि (नियमन गर्ने) ऐन, २०८१ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी आठराई गाउँपालिकाले फुसको छाना हटाई जस्तापाता वितरण सम्बन्धी कार्यविधि, २०८३ जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "फुसको छाना हटाई जस्तापाता वितरण सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि आठराई गाउँकार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२.**परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अध्यक्ष" भन्नाले आठराइ गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ।

(ख) "असाहय" भन्नाले कसैको संरक्षण नभएका र आम्दानीको कुनै स्थायी स्रोत नभएका व्यक्ति वा परिवार सम्झनुपर्दछ।

(ग) "उपाध्यक्ष" भन्नाले आठराई गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ।

(घ) "कार्यक्रम" भन्नाले फुसको छाना विस्थापन गर्न जस्तापाता वितरण गर्ने कार्यलाई सम्झनुपर्दछ।

(ङ) "कार्यपालिका" भन्नाले आठराइ गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्दछ।

(च) " कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

(छ) "गरिव" भन्नाले दैनिक जिविकोपार्जन गर्नका लागि कुनै आम्दानीको स्रोत नभएको, बेरोजगार व्यक्ति वा परिवारलाई सम्झनुपर्दछ।

(ज) "जस्तापाता" भन्नाले गाउँपालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावली अन्तर्गत रही खरिद गरेको जस्तापातलाई सम्झनुपर्दछ।

(झ) “द्वन्द्व पिडित” भन्नाले विभिन्न समयमा भएका द्वन्द्वले घरवार विहीन भई हाल सामान्य फुसको छाना भएको आवासमा बसोबास गर्ने व्यक्ति वा परिवार सम्झनुपर्दछ।

(ञ) “प्रकोप पीडित” भन्नाले बाढी, पहिरो, भुकम्प, आगोलागी जस्ता विपदबाट विस्थापित भई आफ्नो मौलिक थाकथलो छोडी अस्थायी फुसको छानो वा यस्तै प्रकारको सामग्रीले घर बनाई बसेको व्यक्ति वा परिवार सम्झनु पर्दछ।

(ट) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले आठराई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

(ठ) “लाभको पद” भन्नाले कुनै सरकारी वा संगठित गैरसरकारी निकायमा कमाकाज गरी तलब सुविधा लिएको व्यक्ति वा त्यस्तो निकायको निर्णय गर्ने तहमा रहेको व्यक्ति सम्झनु पर्दछ।

(ड) “लाभग्राही” भन्नाले आठराई गाउँपालिकाबाट जस्तापाता प्राप्त गर्ने गाउँपालिका भित्र स्थायि बसोबास भएका गरिब, विस्थापित, द्धन्द पीडित, आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा पछाडि परेका व्यक्ति वा परिवारलाई सम्झनुपर्दछ।

(ढ) “वडा अध्यक्ष” भन्नाले आठराई गाउँपालिका अन्तर्गत रहेको वडा कार्यालयको वडा अध्यक्ष सम्झनुपर्दछ।

३. **गाउँपालिकाले कार्यक्रम संचालन गर्नेः** (१)गाउँपालिका भित्र फुसको छाना विस्थापन गर्न गाउँपालिकाले वार्षिक कार्यक्रम तथा बजेट व्यवस्थापन गर्न सक्नेछ।

(२) गाउँपालिकाले उपदफा (१) अनुसारको कार्यक्रम देहायको व्यवस्था बमोजिम सञ्चालन गर्न सक्नेछः

क) गाउँपालिकाको नियमित बजेटबाट विनियोजन गरेर।

ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदानको कार्यक्रममा प्रस्ताव गरेर।

ग) गाउँपालिकाबाट विशेष वर्गका लागि संचालन हुने लक्षित कार्यक्रममा व्यवस्था गरेर।

घ) गाउँपालिकाबाट गैर सरकारी संस्थासँग साझेदारी कार्यक्रम संचालन गरेर।

ङ) स्थानीय उपभोक्तासँग लागत साझेदारी गरेर।

(३) उपदफा (१) बमोजिम स्वीकृत भएको कार्यक्रम अनुसार सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम वार्षिक खरिद योजना अनुसार गुणस्तरीय जस्तापाता खरिद गरी प्राथमिकताको आधारमा वितरणको व्यवस्था मिलाउनु पर्नेछ।

(४) गाउँपालिकाले सम्भावित लाभग्राहिले गर्न सक्ने लागत साझेदारी तथा अन्य निकायबाट हुने साझेदारीको आधारमा लाभग्राहि समुदायको समूहलाई कार्यक्रममा सहभागिता गराउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम कार्यक्रममा सहभागिता जनाउने प्रक्रिया प्रचलित सार्वजनिक खरिद कानून अनुसार हुनेछ।

४.**<u>लाभग्राहि छनौट प्रक्रिया र आधारः</u>** (१) गाउँपालिकाले कार्यक्रम संचालन गर्दा लक्षित समुदायको छनोटको प्रक्रिया देहायको आधारमा गर्नु पर्नेछ।

क) बजेटको सुनिश्चित भएपछि सार्वजनिक रुपमा गाउँपालिकाबाट कम्तिमा १५ दिनको सूचना जारि गर्ने।

ख) लाभग्राहीले सूचना बमोजिम तोकिएको ढाँचामा सम्बन्धित वडामा निवेदन दिनुपर्नेछ।

ग) वडामा प्राप्त आवेदनहरुमा दफा १० बमोजिमको समितिले लाभग्राहीहरुको प्राथमिकीकरण गर्ने र सम्बन्धित वडाको प्राविधिक कर्मचारी मार्फत स्थलगत अध्ययन गरी लागत अनुमान, वडा कार्यालयको सिफारिस सहित गाउँपालिकामा सिफारिस गर्नु पर्नेछ।

घ) कुनै कारणबस वडा कार्यालयले सीफारिस गर्न नसकेमा गाउँपालिका स्वयंले लाभग्राहीहरुको सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिसमा दफा (९) अनुसारको समितिले देहायका आधारमा लाभग्राहीहरुको प्राथमिकीकरण गरी छनौट गर्नु पर्नेछः

क) प्राकृतिक तथा अन्य विपद्ले घरबार विहिन भएको व्यक्ति वा परिवार,

ख) गाउँपालिकाभित्र अपाङ्गता घरमूली भएको व्यक्ति वा परिवार,

ग) गाउँपालिकाभित्र पहिचान भएका विपन्न, गरिव घर तथा परिवार,

घ) परिवारमा संरक्षक नभएको असाहय, ज्येष्ठ नागरिक, महिला तथा बालबालिका भएको परिवार

ङ) आर्थिक, सामाजिक र साँस्कृतिक पक्षबाट पछाडि परेका दलित, आदिवासी, जनजाति तथा अल्पसंख्यक समुदाय,

च) गाउँपालिकाभित्र फुस तथा अन्य यस्तै सामाग्रिले छाना निर्माण गरी बसेको घर तथा परिवार,

(३) कार्यालयले उपदफा (१) बमोजिमको प्राथमिकताको आधारमा क्रमश गाउँपालिका भित्रका लाभग्राहीहरुलाई जस्तापाता वितरणको व्यवस्था गर्नुपर्नेछ।

५. **<u>लाभग्राही समुहमा सहभागी हुन नसक्नेः</u>** गाउँपालिकाले वितरण गर्ने जस्तापाता तथा फुसको छाना विस्थापन कार्यक्रममा देहायका व्यक्ति वा परिवार लाभग्राही समुहमा सहभागी हुन सक्ने छैन;

क) गाउँपालिकाभित्र एक भन्दा बढि घर रहेको र कम्तिमा एक घर फुसको छाना विस्थापन भएको व्यक्ति,

ख) घर फुसले र गोठ तथा भण्डारण घर जस्तापाताले छाएका व्यक्ति,

ग) लाभको पद लिएको (सरकारी वा गैर सरकारी संस्था) व्यक्ति,

ङ) एक भन्दा बढी घर जिल्ला भित्र वा बाहिर समेत भएका व्यक्ति,

च) गाउँपालिकाभित्र कम्तिमा एक घर पक्कि घर भएको व्यक्ति,

छ) वडा कार्यलयबाट लाभग्राहीको रुपमा सिफारिस नभएको व्यक्ति,

६. **वडा कार्यालयले विवरण तयार गर्नुपर्नेः** (१) प्रत्येक वडा कार्यालयले दफा ४ बमोजिमको सूचनाको आधारमा आफ्नो वडा भित्रका लाभग्राहीको विवरण तयार गरी दफा १० अनुसारको समितिमा पेश गर्नु पर्नेछ।

(२) प्रत्येक वडा कार्यालयले विवरण तयार गर्दा आफ्नो वडा भित्रका लाभग्राहीको देहायको विवरण तयार गर्नु पर्नेछः

क) वडा भित्र रहेका जम्मा लाभग्राहीको संख्या,

ख) आफ्नो वडाभित्र लाभग्राहीको प्राथमिकताक्रमको सूचि,

ग) साझेदारी गरी कार्यक्रममा सहभागिता जनाउन सक्ने सम्भावित लाभग्राहीको संख्या,

घ) गैर सरकारी संस्थाको साझेदारीमा कार्यक्रममा सहभागिता गराउन सकिने लाभग्राहीको संख्या,

ङ) लाभग्राहीको अन्य आवश्यक विवरण।

७. **लाभग्राहीले जस्तापाता प्राप्त गर्ने तथा कार्यक्रममा सहभागिता जनाउन सक्नेः** (१) दफा १० बमोजिमको समितिबाट प्राथमिकताको आधारमा प्राप्त सूचि बमोजिम गाउँपालिकाले एकीकृत विवरण तयार गरी तोकिएको परिणाम र गुणस्तरको जस्तापाता वडा कार्यालय मार्फत वितरण गर्नेछ।

(२) लाभग्राहीले जस्तापाता प्राप्त गर्न फुसको छाना वा यस्तै सामाग्रीले निर्माण भएको घरको छानाको फोटो, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि सहित निवेदन पेश गर्नुपर्नेछ।

(३) आफ्नो नाममा जग्गाधनी प्रमाणपूर्जा नभएको लाभग्राहीले जग्गा धनीसँगको नाता कायम गरेको कागजात निवेदन साथ पेश गर्नुपर्नेछ।

(४) कार्यक्रममा सहभागि हुने लाभग्राहीको प्राथमिकता यसै कार्यविधिमा तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिम जस्तापाता प्राप्त गर्ने घर तथा परिवारले अनुसूची-१ मा तोकिएको ढाँचामा कबुलियतनामा गर्नुपर्नेछ।

(६) लागत साझेदारी वा लाभग्राही उपभोक्ताको समूहबाट कार्यक्रममा सहभागी हुने समुदायलाई तोकिएको खरिद प्रकृया अनुसार लागत इस्टिमेट गरी सम्झौताको आधारमा कार्यक्रममा सहभागिता गराइनेछ।

(७) लाभग्राहीलाई जस्तापाता गाउँपालिकाबाट वितरण हुनेछ।

(८) कार्यालयबाट प्राप्त गर्ने जस्तापाता र जस्तापातामा प्रयोग हुने मगरा र काँटी बाहेक छाना छाउन आवश्यक अन्य सामाग्री लाभग्राही स्वयमले व्यवस्था गर्नुपर्नेछ।

(९) कवुलियतनामामा उल्लिखित समयभित्र कार्य सम्पन्न गर्न नसक्ने लाभग्राहीले कारण र वडा कार्यालयको सिफारिस सहित गाउँपालिकामा लिखित रुपमा निवेदन दिनुपर्नेछ।

(१०) उपदफा (९) बमोजिम पेश गरेको निवेदन औचित्यपूर्ण भएमा वडा कार्यालको सिफारिस सहित कार्यालयले एक पटकलाई बढीमा १ महिना कार्य सम्पन्नका लागि समय थप गर्न सक्नेछ।

(१२) कवुलियतनामामा तोकिएको समयसीमा तथा थप भएको समयभित्र कार्यसम्पन्न नगर्ने लाभग्राहीबाट वितरण भएको जस्तापाता कार्यालयले वडा कार्यलयको सिफारिसको आधारमा फिर्ता लिनेछ।

(१३) कार्यालयबाट प्राप्त जस्तापाताको सुरक्षा गर्ने जिम्मेवारी स्वयम लाभग्राही व्यक्तिको हुनेछ।

८. **अनाधिकृत प्राप्त गर्न तथा दुरुपयोग गर्न नहुनेः** (१) लाभग्राहीले कार्यलयबाट प्राप्त जस्तापाता अनाधिकृत रुपमा प्रयोग गरेमा, बेचविखन गरेमा त्यस्ता लाभग्राहीलाई गाउँपालिकाबाट संचालन हुने यस्तै प्रकृतिका सामाजिक सुरक्षाको कार्यक्रममा सहभागिता गराइने छैन।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाबाट प्राप्त गरेको जस्तापाता अनाधिकृत प्रयोग तथा बेचबिखन गरेमा त्यस्तो जस्तापाता खरिद मूल्य बराबरको रकम गाउँपालिकाले सरकारी बाँकी सरह असूलउपर गर्नेछ।

९. **गाउँपालिकास्तरीय निर्देशक समिति रहनेः** (१) गाउँपालिकाभित्र रहेका लाभग्राही पहिचान, प्राथमिकीकरण गर्न तथा जस्तापाता वितरण र कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको निर्देशक समिति रहने छः

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष | -संयोजक |
| (ख) गाउँपालिकाको उपाध्यक्ष | -सदस्य |
| (ग) कार्यपालिकाका सम्पूर्ण सदस्य | -सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ङ) पूर्वाधार शाखा प्रमुख | -सदस्य |
| (च) योजना शाखा प्रमुख | -सदस्य सचिव |

(२) संयोजकले आवश्यकता अनुसार साझेदारी गर्ने निकाय, गैर सरकारी संस्था तथा शाखा प्रमुखलाई समितिमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) गाउँपालिकाभित्र रहेका सम्भावित लाभग्राहीको संख्या पहिचान गर्ने,

ख) कार्यक्रम संचालनमा स्रोतको खोजी गर्ने तथा साझेदारीको ढाँचा पहिचान गर्ने,

ग) कार्यक्रमबाट लाभ प्राप्त गर्ने सेवाग्राहीको प्राथमिकीकरण गर्न सहयोग गर्ने।

१०. **गाउँपालिकास्तरिय अनुगमन समितिः** (१) गाउँपालिकाभित्र रहेका लाभग्राही पहिचान, प्राथमिकीकरण गरी जस्तापाता वितरण र कार्यक्रम संचालन गर्न गाउँपालिकाद्धारा स्थापित गाउँपालिकस्तरिय अनुगमन समिति रहनेछः

(२) संयोजकले आवश्यकता अनुसार गाउँपालिकामा साझेदारी गर्ने निकाय, गैर सरकारी संस्था तथा अन्य कर्मचारीलाई समितिमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सम्भावित लाभग्राहीको संख्या पहिचान गर्ने,

(ख) कार्यक्रम संचालनका लागि साझेदारको पहिचान गर्ने,

(ग) लाभग्राहीको प्राथमिकीकरण गर्ने,

(घ) लाभग्राहीको प्राथमिकताको आधारमा जस्तापाता प्राप्त गर्न गाउँपालिकामा सिफारिस गर्ने,

(ङ) आवश्यकता अनुसार गाउँपालिकाबाट प्राप्त जस्तापाता वडामा वितरण गर्न सहजीकरण गर्ने,

(च) वितरण भएको जस्तापातको लाभग्राही तथा परिणामको विवरण राख्ने,

(छ) वितरण भएको जस्तापाताको प्रतिवेदन गाउँपालिकामा नियमित रुपमा पेश गर्ने,

(ज) वितरण हुने जस्तापाताको दुरुपयोग रोक्न तथा प्रभावकारी रुपमा कार्यक्रमको संचालन गर्न सहजीकरण तथा अनुगमन गर्ने,

(झ) जस्तापाता वितरण पश्चात अनुगमन तथा मूल्याङ्कन गरी गाउँपालिकामा प्रतिवेदन पेश गर्ने।

११. **विपद्को समयमा अन्य कोषबाट रकम विनियोजन गरी कार्यक्रम संचालन गर्न सकिनेः** गाउँपालिकामा हुने कुनै प्राकृतिक विपद्को समयमा विपद् पिडित समूदायलाई तत्काल राहत उपलब्ध गराउनु पर्ने भएमा गाउँपालिकामा रहेको अन्य राहतकोषको रकमबाट जस्ता खरीद गरी यस कार्यविधिको प्राथमिकता र मापदण्डको आधारमा वितरण गर्न सकिनेछ।

१२. **एकीकृत अभिलेख तयार गरी सार्वजनिक गर्नुपर्नेः** गाउँपालिकाबाट वितरण भएको जस्तापाता तथा कार्यक्रममा सहभागि भई जस्तापाता प्राप्त गर्ने लाभग्राहीको विवरण अनुसूची-२ अनुसार गाउँपालिकाले वार्षिक रुपमा तयार गर्नुपर्नेछ।

१३. **<u>थपघट र हेरफेर:</u>** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ।

**अनुसूची-१**

(दफा ७(४) सँग सम्बन्धित)

कबुलियतनामा

आठराई गाउँपालिका, वडा कार्यालय, वडा नं.......( जसलाई यसपछि प्रथम पक्ष भनिनेछ) र आठराई गाउँपालिका, वडा नं..... टोल/बस्ती/गाउँ बस्ने श्री (जसलाई यसपछि दोस्रो पक्ष भनिनेछ) दुवै पक्ष निम्न शर्तहरुको पूर्ण पालन गर्ने गरी दुवै पक्ष मन्जुर भई यो कबुलियतनामा पत्रमा सही गरी दियौं, लियौं।

(क) पहिलो पक्षले दोस्रो पक्षलाई प्राविधिक लागत अनुमान बमोजिमको जस्तापाता र प्लेनसिट उपलब्ध गराउने छ।

(ख) दोस्रो पक्षले वडा कार्यालयमा फुसको तथा यस्तै सामाग्रीले बनेको घरको छानाको फोटो, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र जग्गा धनी प्रमापूर्जाको प्रतिलिपि संलग्न राखि निवेदन दिनु पर्नेछ।

(ग) पहिलो पक्षले दोस्रो पक्षको लागि एक घरको लागिमात्र जस्तापाता उपलब्ध गराउने छ। यदी कुनै जालसाझी गरी एकै परिवारका फरक व्यक्तिले जस्तापाता लगेर घर छाइएको पाइएमा त्यस्ता व्यक्तिले आफ्नै खर्चमा प्राप्त गरेको जस्तापाता वडा कार्यालयलाई फिर्ता गर्नुपर्नेछ।

(घ) पहिलो पक्षबाट उपलब्ध गराइएको जस्तापाताको प्रयोग गरी घर छाउने काम दोस्रो पक्षबाट प्राप्त गरेको मितिबाट २ महिनाको हुनेछ।

(ङ) जस्तापाता प्राप्त गरेको २ महिना तथा कार्यालयले थप गरेको समयसीमामा काम सम्पन्न गर्न नसकेमा दोस्रो पक्षले स्वयम ढुवानी भाडा व्यहोरी जस्तापाता वडा कार्यालयको सिफारिसमा गाउँपालिकामा फिर्ता गर्नु पर्नेछ। यसरी फिर्ता भए पश्चात पहिलो पक्षबाट दोस्रो पक्षलाई पुनः जस्तापाता उपलब्ध गराइने छैन।

(च) गाउँपालिकाबाट वितरण हुने जस्तापाता वडाकार्यालयसम्म ढुवानी गर्ने जिम्मेवारी पहिलो पक्षको हुनेछ।

(छ) कार्यालयबाट दोस्रो पक्षले घरसम्म जस्तापाता स्वयम ढुवानी गर्नु पर्नेछ।

(ज) कार्यालयबाट प्राप्त गर्ने जस्तापाता र काँटी बाहेक छाना छाउन आवश्यक अन्य सामाग्री दोस्रो पक्ष स्वयमले व्यवस्था गर्नुपर्नेछ।

(झ) उल्लिखित समयभित्र कार्य सम्पन्न गर्न नसक्ने दोस्रो पक्षले उचित कारण भएमा वडा कार्यालयको सिफारिसमा गाउँपालिकामा लिखित रुपमा निवेदन दिनुपर्नेछ।

(ञ) पहिलो पक्षबाट प्राप्त जस्तापाताको सुरक्षा गर्ने जिम्मेवारी स्वयम दोस्रो पक्षको हुनेछ।

उल्लिखित बमोजिम गर्न गराउन हामी दुवै पक्ष मञ्जुर छौं।

| | |
|---|---|
| बुझिलेने घरमूली तथा व्यक्तिको | बुझाउने कार्यालयको प्रतिनिधिको |
| नामः | नामः |
| हस्ताक्षरः | हस्ताक्षर तथा छापः |

**अनुसूची-२**

जस्तापाता वितरण सम्बन्धि अभिलेख फारम

वडा न........ आर्थिक वर्ष २०..../........

| क्र.स | मिति | लाभग्राहीको नाम | जग्गाको कि.नं. | घरको आकार (वर्ग फिट) | प्रदान गरिने जस्तापाता (वन्डल वा संख्या) | प्रदान गरिने जस्तापाताको वर्ग | प्लेनसिटको संख्या र वर्ग फिट | थप सामाग्री भए सोको परिणाम | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**अनुसूची-३**

आठराई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

संक्रान्तिबजार, तेह्रथुम।

दरखास्त/निवेदन पत्र

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

आठराई गाउँपालिकाको कार्यालय

संक्रान्तिबजार, तेह्रथुम।

विषयः जस्तापाता कार्यक्रम लाभग्राही छनौट गरीपाउँ भन्ने बारे।

महोदय,

प्रस्तुत विषयमा, तेह्रथुम जिल्ला आठराई गाउँपालिका वडा नं......... बस्ने श्री.......... नाति/नातिनी/बुहारी श्री...............कि................छोरा/छोरी/पत्नी श्री............देहायको विषयमा स्वघोषणा सहित फुसको छाना विस्थापन/व्यवस्थापन विवरण कार्यक्रम छनौट गरीपाउँ भनी यो निवेदन पेश गरेको छु।

देहायः

(क)म र मेरो परिवारको सदस्यको नाममा यसै साथ फोटोमा पेश गरेको बाहेक अन्य घर छैन। ☐

(ख)मेरो घरको छाना........ खर/ढुङ्गा/झिगटी/स्याउला/पराल छाएको छ। ☐

(ग) म र मेरो परिवारको कुनै पनी सदस्य सरकारी वा गैरसरकारी निकायबाट नियमित मासिक तलब भत्ता पाउने गरी रोजगारीमा छैन। ☐

(घ) यस अघि मैले कुनैपनी निकायबाट घर निर्माण र सुधार अनुदान लिएको छैन। ☐

(ङ) मेरो परिवारको आर्थिक अवस्था कमजोर छ। ☐

(च) अनुदान पाउनका लागि कार्यविधि विपरित कुनै जालपाझ वा झुट्टा विवरण पेश गरेको छैन। ☐

मैले पेश गरेको विवरण ठिक साँचो हो। झुटा ठहरिए कानुन बमोजिम सहुला बुझौंला।

निवेदक

नामः.........

ठेगानाः .......

सम्पर्क नः......

दस्तखतः........

आज्ञाले

श्री नारायण भण्डारी

प्रमुख प्रशासकीय अधिकृत